# रामपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. ०८२/८३

फोन नं. ०७५४००१४५

### पार्किङ शुल्क उठाउनका लागि सिलवन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः२०८२/०५/०३, ने.सं. ११४५ गुँलागा ११, मंगलवार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम रामपुर नगरपालिका अन्तर्गत पार्किङ्ग हुने सवारी साधनहरुलाई पार्किङ्ग गर्ने व्यवस्था मिलाउदै नगरको आन्तरिक आय संकलन तथा पार्किङ्ग शुल्क उठाउने कार्य ठेक्काद्धारा गर्ने सम्बन्धमा कार्यालयको निर्णयानुसार आ.व. २०८२/०८३ अन्तर्गत ईच्छुक फर्म,संघ संस्था तथा व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरभाउ पत्र फारम खरिद गरी व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण(आ.व.२०८०/०८१ अथवा २०८१/०८२को प्रतिलिपि), नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको न्यूनतम ठेक्का अङ्कमा नघट्ने शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आफुले कबोल गरेको अङ्कको ५%ले हुने धरौटी रकम तपसिलमा उल्लेखित रामपुर नगर कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर संलग्न हुनु पर्नेछ । ठेक्का सम्बन्धि सर्तहरु तपसिल बमोजिम छन् ।

सर्तहरू

१. पार्किङ शुल्क उठाउने कार्य गर्न चाहने व्यक्ति/ संघ संस्थाले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु. १०००/- (एक हजार रुपैया) दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउ पत्र फारम खरिद गर्ने मिति :- यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र

३. सिलवन्दी दरभाउ पत्र दाखिल गर्ने मिति :- यो सूचना प्रकाशन भएको १६ औं दिन, दिनको १२.०० बजे भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट सोही समय भित्र दर्ता गर्नु पर्नेछ ।

४. दरभाउ पत्र खोल्ने मिति, समय र स्थान : १६ औं दिन, दिनको २:०० बजे दरभाउपत्रदाता र कार्यालयका कर्मचारीको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

५.माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धिक र १३ प्रतिशत र आयकर १.५प्रतिशत बराबरको राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाईसोको प्रमाण यस कार्यालयमाबुझाउनुपर्नेछ।

६.धरौटी बापत कबोल गरेको अङ्कको ५प्रतिशत रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको धरौटी खातानं. ०४१५८००९३९३४२२१६मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिडबण्ड) को सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकम किस्तामा समावेश गर्नपाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

७.दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुरबापतको रकम यस कार्यालयकोनाममाकृषि विकास बैंकमा रहेको खातानं. ०४१५८००९३९४२०६२आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखमा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ।

८. प्राप्त दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. पार्किङ शुल्क असूल गरे बापत सवारीवालालाई दिइने रसिद ठेकेदार स्वंयमले छपाई गर्नु पर्नेछ ।

१०. तोकिएको दर बाहेकको शूल्क लिन पाइने छैन र पार्किङ शुल्क लिएपछि अनिवार्य रूपमा रसिद दिनु पर्नछ।

११. पार्किङ शुल्क लिएपछि सवारी व्यवस्थापन र सुरक्षा गर्ने दायित्व सम्बन्धित ठेकदारको हुनेछ ।

१२. उठाउने दररेट बस, ट्रक, टिप्पर रु. १००/-,मिनि, माइक्रो, ट्राभलर,हाइस, इभि हाइस रु. ८०/-, अटो, रिक्सा रु २०, जीप, कार, भ्यान रु. ५०/-, मोटरसाइकल/स्कूटी रु. १०/-तोकिएको छ । मासिक रुपमा उठाउने दररेट बस, ट्रक, टिप्पर रु. १८००/-,मिनि, माइक्रो, ट्राभलर,हाइस, इभि हाइस रु. १४४०/-, अटो, रिक्सा रु ३६०, जीप, कार, भ्यान रु. ९००/-, मोटरसाइकल/स्कूटी रु. १८०/-

१३. न्यूनतम ठेक अङ्क : रु.५,००,०००/- मु.अ. कर वाहेक (अक्षरुपी रु पाँच लाख मात्र) कायम गरिएको छ ।

१४. उठाउने तरिका : पार्किङ स्थल क्षेत्रमाहोडिङ्ग बोर्ड राखेर मात्र कर असुल गर्नु पर्नेछ ।

१५. ठेक्का स्वीकृत भोगचलन गरेपछि कुनै पनि किसिमको मिनाहा छुट दिईने छैन

१६. ठेक्का अवधि : २०८३ असार मसान्तसम्मको लागि मात्र हुने छ ।

१७. पार्किङ्ग क्षेत्रसम्बन्धी विवरण यसै सूचनासाथ संलग्न गरिएको छ ।

१८. यस सम्बन्धमा कुनै कुराको जानकारी चाहिएमा कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालयमा वा ०७५४००१४५ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

२०८२/५/०३

सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर"

Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np

रामपुर नगरपालिका अन्तर्गतका जनप्रतितिधि, राजनीतिक दलका प्रमुख/प्रतिनिधि, ईलाका प्रशासन कार्यालयका प्रमुख, ईलाका प्रहरी कार्यालयका प्रमुख, रामपुर नगरपालिका अन्तर्गत चल्ने बस, अटो, जिप, मोटरसाइकल, भ्यान सञ्चालक/प्रतिनिधी तथा सम्बन्धित समिति, उपसमितिका संयोजक सहित बसेको मिति २०८१/०५/०७ गते बैठकबाट तपसिल बमोजिमको पार्किङ्ग क्षेत्र तोकिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

१) मोटर साइकलको हकमा प्रहरी बिट भन्दा तलका मोटरसाइकल वाणिज्य बैंक अगाडी देखि नहर सम्म बिचमा बाटोहरुको छेउमा साथै फेमली सपिङ्गको अगाडिको पार्किङ्गग स्थलमा र प्रहरी बिट देखी स्कुल रोडका मोटरसाइकल कृषि विकास बैंकको पार्किङ्ग स्थलमा पार्किङ्ग गर्नुपर्ने

२) अव्यवस्थित रुपले रहेका जिपहरुलाई बसपार्कमा पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

३) अव्यवस्थित रुपले रहेका जिपहरुलाई बसपार्कमा पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरियो साथै उक्त जिपहरुलाई बिहान ७ बजे भन्दा अगाडी र दिउँसो २ बजे देखि ३ बजे भित्र प्रत्येक जिपले बजार क्षेत्रबाट आधा घण्टाको लागि मात्र यात्रु उठाउन पाउने गरि निर्णय गरियो ।

४) रामपुर नगरपालिका अन्तर्गतका भ्यानहरुलाई रामपुर नगरपालिका वडा नं. ५, नहर अफिस अगाडी पार्किङ्गको व्यवस्था मिलाउने साथै भ्यानलाई नम्बरका आधारमा बेझाड बजार पाँचकुने चोकमा ४ वटाको दरले पार्किङ्ग गर्न पाउने गरि व्यवस्था मिलाउने निर्णय गरियो ।

५) रामपुर नगरपालिका वडा नं. ६ विजयपुर, वडा नं. ६ मिलनचोक, वडा नं. ७ डुम्रिगाँउ सहकारी चोकमा अटो स्टेशन निर्माण गर्ने र अन्य समयमा रामपुर नगरपालिका वडा नं. ५ नहर अफिस अगाडी पार्किङ्ग गर्ने व्यबस्था मिलाउने निर्णय गरियो ।

६) बाहिर स्थानबाट आएका सवारी साधनहरुले रामपुर नगरपालिका वडा नं. ५ नहर अफिस अगाडी मान्छे ओराल्ने व्यवस्था गर्ने र बसपार्कमा पार्किङ्ग गरि त्यहिबाट छुटाउने व्यवस्था गर्ने निर्णय गरियो ।

७) माथि उल्लेखित बाहेक अन्य व्यवस्थाहरु रामपुर नगरपालिकाको बसपार्क व्यवस्थापन र बजार क्षेत्र सवारी साधन पार्किङ्ग व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

८) कार्यपालिका बैठक र नगर सभाको निर्णयानुसार पार्किङ्ग क्षेत्रहरु परिवर्तन र तोक्न सकिनेछ ।